अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं स्थापना दिवसका अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले गर्नुभएको सम्बोधन।

सम्माननीयज्यूहरू

माननीयज्यूहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत संवैधानिक निकायका प्रमुखहरू,

राष्ट्रसेवक कर्मचारीहरू

महिला तथा सज्जनवृन्द!

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं स्थापना दिवसको अवसरमा आयोगलाई सुम्पिएको संवैधानिक दायित्व पूरा गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु। आयोगले आफ्नो स्थापनाकालदेखि नै मुलुकमा भ्रष्टाचार नियन्त्रणका लागि काम गर्दै सुशासन प्रवर्धन गर्ने कार्यमा हालसम्म पुऱ्याएको योगदानप्रति धन्यवाद दिन चाहन्छु। जनअपेक्षाअनुसार सुशासनको प्रवर्धनमा थप र सशक्त योगदान गरेर नागरिकको आयोगप्रतिको भरोसा र विश्वासलाई आगामी दिनमा थप अभिवृद्धि गर्न आयोग सफल होस् भन्ने कामना पनि गर्दछु।

सुशासन लोकतन्त्रको प्राणवायु हो। मुलुकमा उपलब्ध प्राकृतिक, मानवीय र सांस्कृतिक सम्पदाहरूको उपयोग र सुदृढीकरण गर्दै आर्थिक समृद्धि तथा सामाजिक न्याय हासिल गर्न भ्रष्टाचार नियन्त्रण अनिवार्य सर्त हो। आयोगको वार्षिकोत्सवको यस अवसरमा हाम्रो अन्तर्राष्ट्रिय प्रतिवद्धता, संवैधानिक दायित्व, आयोगले तयार गरेको संस्थागत रणनीतिक योजना र नागरिकको अपेक्षाका लागि लोकतन्त्रको मूल्यमान्यताअनुरुप हामी सबैले मुलुकको हित र कल्याण तथा अन्तराष्ट्रिय छविको लागि आफ्नो जीवनशैलीलाई सरल, इमान्दार, पारदर्शी र सदाचारयुक्त बनाउन आवश्यक छ।

भ्रष्टाचार र भ्रष्ट प्रवृत्तिले राष्ट्रको विकास र उन्नतिमा अवरोध सृजना गर्नेमात्र होइन राष्ट्रको नैतिक धरातल भासिदै जाने र राष्ट्रियता नै कमजोर बन्न पुग्ने हुनजान्छ।

तसर्थ भ्रष्टाचार नियन्त्रणका लागि दृढ राजनीतिक प्रतिवद्धता पहिलो प्रस्थान विन्दु हो। शासन प्रणाली जति पारदर्शी र जवाफदेही हुन्छ भ्रष्टाचार न्यूनिकरणको संभावना त्यति नै हुने भएकाले सार्वजनिक निकायका हरेक काम, कारवाही र निर्णय पारदर्शी हुनुपर्छ भन्ने कुरामा सबैको ध्यानाकर्षण गराउन चाहन्छु। नेपाली जनताको ठूलो वलिदान र संघर्षबाट ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावना पनि यही हो।

विद्यमान कार्यसंस्कृतिमा परिवर्तन पनि भ्रष्टाचार नियन्त्रण गर्ने एउटा प्रभावकारी पक्ष हुन सक्छ। जनमुखी विकासबाट नागरिकमा सकारात्मक सन्देश जाने र प्रशासनिक क्षेत्रलाई पनि सोहीअनुरुप चुस्त र दुरुस्तरुपले अघि बढ्न मद्धत मिल्नेछ। "प्रकृति मानिसका आवश्यकता

पुरा गर्न सक्षम छ तर मानिसको लोभ पुरा गर्न सक्षम छैन" भन्ने पूर्वीय दर्शनको मान्यतालाई अनुशरण गर्नु आजको आवश्यकता हो।

महालेखा परिक्षकको प्रतिवेदनमा हरेक साल बेरुजु बढ्दै जानु दुःख लाग्दो कुरा हो। हरेक वर्ष महालेखा परिक्षकको प्रतिवेदनमा किटानका साथ सरकारी ढुकुटी र बजेट कार्यक्रमको दुरुपयोगसम्बन्धी विषयहरू प्रकाशित भएका हुन्छन्। यस्तो खालको विचलनलाई समयमै नियन्त्रण गर्न राज्य संयन्त्र सतर्क हुनुपर्दछ।

आयोगले आफ्नो कार्यसम्पादन र भ्रष्टाचारका उपर अनुसन्धान छानविन गर्ने क्रममा साना प्रकृतिका कसुरदारका मात्र होइनन बरु ठूला प्रकृति र कसुरदारको पहिचान गर्न र जतिसुकै ठूला व्यक्ति भएपनि उनीहरूलाई कानुनको दायरामा ल्याउन पछि पर्न हुन्न भन्ने आम नागरिकको मत ध्यानमा राख्न सुझाव दिन चाहन्छु।

अख्तियारले अनुसन्धान र मुद्धा दायर गर्दा आग्रह पूर्वाग्रहरहित भएको सन्देश प्रवाह हुनुपर्दछ भन्ने मलाई लाग्छ।

मुलुकको नीति र कानुन निर्माण, विकास व्यवस्थापन र नागरिकहरूको आधारभूत सेवा प्रवाहमा संलग्न अख्तियार प्राप्त अधिकारीहरूलाई प्रचलित नीति र कानुनबोजिम निर्धक्कसाथ विवकेशील निर्णय र कार्यसम्पादन गर्न अनुकुल वातावरणको सिर्जना गर्नुपर्ने चुनौतीसमेत यस आयोग तथा सम्बन्धित निकायका सामु देखापरेको छ।

भ्रष्टाचार नियन्त्रणका हकमा संस्थागत सुदृढीकरणका लागि संवैधानिक आयोगले राज्यका अन्य अंगहरूलाई बेलाबखत परामर्श तथा सुझाव दिइरहनुपर्छ र यसरी दिइएको सुझाव र निर्देशनहरूलाई सबै सरोकारवालाहरूले पालना गर्ने नै छन् भन्ने पनि मेरो विश्वास छ।

अन्त्यमा, आयोगको स्थापना दिवसका अवसरमा मुलुकमा भ्रष्टाचार विरुद्ध जागरण आउनेछ र विश्वस्तरीय भ्रष्टाचार सुचकांकमा नेपालको स्तरमा क्रमशः सुधार हुने विश्वास लिएको छु। साथै तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगतलगायत प्रत्येक नागरिकलाई भ्रष्टाचार विरुद्धको अभियानमा सक्रियतापूर्वक सहभागी भई हातेमालो गर्नसमेत म आव्हान गर्दछु।

जय नेपाल !

२०८० माघ २८ गते